आज मिति २०७९/०८/२९ गतेका दिन यस बारागढी गाउँ कार्यपालिकाका अध्यक्ष श्री अशोक कुमार जयसवाल ज्युको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा निम्न विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| नाम | पद | दस्तखत |
|---|---|---|
| १. श्री अशोक कुमार जयसवाल | (अध्यक्ष) | |
| २. श्री लक्ष्मी देवी राय | (उपाध्यक्ष) | |
| ३. श्री सुरेश प्रसाद चौधरी | (वडा अध्यक्ष) | |
| ४. श्री जागेन्द्र साह कलवार | (वडा अध्यक्ष) | |
| ५. श्री उमेश प्रसाद साह | (वडा अध्यक्ष) | |
| ६. श्री पन्ना लाल साह | (वडा अध्यक्ष) | |
| ७. श्री मनेजर चौधरी | (वडा अध्यक्ष) | |
| ८. श्री निरज कुमार साह | (वडा अध्यक्ष) | |
| ९. श्री सुरेश राम | (कार्यपालिका सदस्य) | |
| १०. श्री राम एकबाल हजरा | (कार्यपालिका सदस्य) | |
| ११. श्री रेनु देवी कलवार | (कार्यपालिका सदस्य) | |
| १२. श्री अनिता दवी बैठा | (कार्यपालिका सदस्य) | |
| १३. श्री धनमन्ती देवी मलाहिन | (कार्यपालिका सदस्य) | |
| १४. श्री संगिता कुमारी चौधरी | (कार्यपालिका सदस्य) | |
| १५. श्री कमलेश कुमार मिश्र | (सदस्य सचिव) | |

प्रस्ताव एंव निर्णय :

१. खोपकेन्द्र व्यवस्थापन तथा संचालन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं. ५ च.पथरामा रहेको खोपकेन्द्रलाई कर्मचारी व्यवस्थापन गरी संचालन गर्ने सर्वसहमतबाट निर्णय गरियो ।

२. कर्मचारीहरुको कार्य सम्पादन सम्झौता गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको कार्य सम्पाद गर्न प्रमूख प्रशासकीय अधिकृतको मातहत रहेका सम्पूर्ण कर्मचारीहरु बीच कार्य सम्पादन सम्झौत गर्ने तथा गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकीय अधिकृत बीच कार्य सम्पादन सम्झौता गर्ने सर्वसहमत निर्णय गरियो ।

३. माछा पोखरी ठेक्का (बोलपत्र अह्वान) गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको वडा नं.४ पथराको कि.नं.११५ मा रहेको ज.वि.१-१९-३ क्षेत्रफलमा फैलिएको माछा पोखरी र वडा नं.६ हेंगौलियामा रहेको ज.वि.३-१९-१० क्षेत्रफलमा फैलिएको माछा पोखरीको ठेक्का (बोलपत्र अह्वान) गर्ने सर्वसहमत निर्णय गरियो ।

४. स्वास्थ्य शाखा कर्मचारीको अन्तरीक व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका स्वास्थ्य शाखा संयोजक श्री ओमप्रकाश चौधरीका ठाउँमा संयोजक पदमा स्वास्थ्य शाखाका सो सरहका अन्य कर्मचारीलाइ व्यस्थापन गर्ने सर्वसहमतबाट निर्णय गरियो ।

५. मा.वि.विद्यालयहरु **Upgrade** गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गत रहेका मा.वि विद्यालयहरुलाई **Upgrade** गर्ने सर्वसहमतबाट निर्णय गरियो ।

६. पोल तार माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गतका १ देखी ६ वटा वडाहरुमा विद्युत कार्यालयबाट सडक तथा कृषि प्रयोजनका लागि पोल तार माग गर्ने सर्वसहमतबाट निर्णय गरियो ।

७. नवप्रवर्तन साझेदारी कोष अन्तर्गत योजना पेश गर्ने तथा बजेट छुटयाउने सम्बन्धमा ।
प्रस्ताव नं. ७ माथी छलफल गर्दा नवप्रवर्तन साझेदारी कोष अन्तर्गत यस बारागढी गाउँपालिकाका लागि सेवा प्रवाह,संचार र व्यहवस्थापनको लागि केन्द्रिय सफ्टवेयर प्रणली कार्यकम माग गर्ने सर्वसहमतबाट निर्णय गरियो साथै यस कार्यकमको लागि कुल लागत रु ६५००००० अक्षरेपी पैसठी लाख मात्र को २५ प्रतिशत रु १६२५००० अक्षरेपी सोह्र लाख पचिस हजार यस गाउँपालिकाबाट व्यहोर्ने सर्वसहमतबाट निर्णय गरियो ।

८.गुनासो सुनुवाई अधिकारी नियुक्त गर्ने सम्बन्धमा ।
प्रस्ताव नं ८ माथी छलफल गर्दा भूमि व्यवस्था,सहकरी गरिबी नविारण मन्त्रालयको २०७५ को २२ (५) तथा गुनासो सुनुवाई मार्गदर्शनमा व्यवस्था अनुसार नियुक्ति प्रकिया अगाडि बढाउने सर्वसहमातिबाट निर्णय गरियो ।

९.लक्की बीज भण्डारको कोटा खारेज सम्बन्धमा ।
प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाबाट उपलब्ध हुने बीउ,मल,खादको कोटा लक्की बीज भण्डारलाई खारिज गर्ने निर्णय सर्वसहमति बाट गरियो ।

१०.आर्थिक सहयोग सम्बन्धमा ।
प्रस्ताव नं १० माथि छलफल गर्दा बारागढि गाउँपालिका वडा नं ६ निवासी सुनिता कुमारी सहनीलाई पेट सम्बन्धी रोग भएको हुँदा साथै वहाँको घरको आर्थिक स्थिति नाजुक भएको ले यस पालिका बाट रु १०००० अक्षरेपी रु दश हजार मात्र सहयोग गर्ने सर्व सहमतिबाट पारित गरियो ।